बागमती प्रदेश सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

# कृषि तालिम केन्द्र

भण्डारा, चितवन

## कृषकस्तर तालिममा भाग लिन आवेदन पेश गर्ने सूचना

(प्रकाशित मिति २०८२/१२/०९)

यस केन्द्रद्वारा चालु आ.व. २०८२/०८३ मा संचालन गरिने तपसील बमोजिमका कृषकस्तर तालिममा भाग लिन इच्छुक बागमती प्रदेशभित्रका कृषक/उद्यमीहरुले यहि चैत्र मसान्तभित्र आवश्यक अन्य विवरण सहित यस तालिम केन्द्रको वेभसाइट https://atc.bagamati.gov.np/ मार्फत अनलाइन आवेदन पेश गर्न हुन अनुरोध छ । अनलाइन आवेदन दिदा आबश्यक पर्ने निवेदन फारम, ब्यक्तिगत विवरण फारम तथा अन्य सिफारिस पत्रहरुको ढाँचा समेत उक्त वेभसाइटबाट डाउनलोड गरी आवश्यक विवरण भरी अपलोड गर्न हुन अनुरोध छ । सहभागीहरुको आतेजाते र तालिम अवधिभरको दैनिक भत्ता र भ्रमण खर्च यसै केन्द्रद्वारा बेहोरिने छ । थप जानकारीको लागि यस केन्द्रका सूचना अधिकारी (संगम घिमिरे, बागबानी विकास अधिकृत) को मोबाइल नं. ९८५११०६१५२ मा सम्पर्क गर्न अनुरोध छ । तालिमको मिति पछि तय गरी छनौट भएका कृषकहरुलाई जानकारी गराइने छ ।

| सि.नं. | तालिमको विषय | तालिम संचालन हुने सम्भावित स्थान | तालिम अवधि |
|---|---|---|---|
| १ | ब्यवसायिक अगुवा कृषकस्तर च्याउ खेती तालिम | काठमाण्डौं उपत्यका | ६ दिन |
| २ | अगुवा कृषकस्तर अमिलोजात फलफूल खेती तालिम | काठमाण्डौं वा धनकुटा | ६ दिन |
| ३ | कृषि मेशिनरी मर्मत तथा सम्भार सम्बन्धी तालिम | गोदावरी, ललितपुर | ६ दिन |
| ४ | कृषकस्तर ब्यवसायिक पुष्प खेती तालिम | गोदावरी, ललितपुर | ४ दिन |
| ५ | कृषकस्तर फलफूल तथा तरकारी प्रशोधन तालिम | काठमाण्डौं वा हेटौंडा | ६ दिन |

कृषक छनौटका मापदण्डहरु:

१. उमेर १८ पूरा भई ४५ वर्ष ननाघेको युवा उद्यमीलाई ग्राह्यता दिइने छ ।
२. महिला, दलित तथा जनजातीहरुलाई विशेष प्राथमिकता दिइने छ ।
३. कृषि मेशिनरी मर्मत तथा सम्भार तालिम कृषि मेशिनरी विक्री कम्पनीमा कार्यरत एवं मोटरसाइकल मर्मत ब्यवसायमा संलग्नलाई प्राथमिकता दिइने छ ।

केन्द्र प्रमुख